छलफल तथा निर्णय

१. आर्थिक व्यवस्थापन महाशाखाबाट बैठकमा प्रस्तुत आगामी आर्थिक वर्ष २०७६।७७ को वार्षिक विकास कार्यक्रमको लागि तयार गरिएको ढाँचा र विभिन्न मन्त्रालय/निकाय वा अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा सञ्चालन गरिने वार्षिक विकास कार्यक्रम/आयोजना को विवरण प्रस्तुतिमा एकरुपता र सरलता ल्याउने उद्देश्यले तयार गरिएको ढाँचा स्वीकृत गर्ने ।

२. संघीय संसद, प्रतिनिधि सभाको अर्थ समितिद्वारा आयोजित आ.व. २०७६/७७ को पूर्व बजेट छलफल कार्यक्रम सम्बन्धी प्रारम्भिक प्रतिवेदनमा समावेश भएका सुझाव तथा सिफारिसहरुको कार्यान्वयनका सम्बन्धमा आयोगसँग सम्बन्धित विषयवस्तुहरुका हकमा विषयक्षेत्रगत माननीयहरुले आगामी आर्थिक वर्षको बजेट र मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा ध्यान दिने ।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट अनुरोध भई आएको ब.उ.शी.नं. ३३७१४०-४ अन्तर्गत भेरी करिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जेधो) को जाजरकोट-चिसापानी २८ किमी सडक खण्डको निर्माण कार्यका लागि स्रोत सुनिश्चितता र बहुबर्षीय ठेक्का व्यवस्थापन सम्बन्धी सहमति माग गरिएको सम्बन्धमा आयोजना वर्गीकरणको मापदण्ड अनुकूल भएमा र बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७३ को आधार पुरा भएको खण्डमा आगामी आ.व. मा समावेश गर्न योजना तथा वार्षिक विकास कार्यक्रम तर्जुमा प्रकृया अन्तर्गत रही समावेश गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट अनुरोध भई आएको विभिन्न जिल्लाका १४० वटा पुलहरुलाई चालु आ.व. २०७५/७६ मा ब.उ.शी.नं. ३३७१५७-४ अन्तर्गत स्थानीय सडक पुल निर्माणको कार्यक्रममा समावेश गर्ने विषयमा नीतिगत निर्णयको लागि राष्ट्रिय योजना आयोगमा प्राप्त भएको सम्बन्धमा चालु आ.व. को अन्त्य नजिकिएको अवस्थामा नयाँ निर्माण कार्य शुरू गर्न समय पर्याप्त हुने नहुने पक्षलाई विचार गर्दा आयोगबाट स्वीकृत आयोजना वर्गीकरणको मापदण्ड अनुसार आगामी आ.व. २०७६/७७ को वार्षिक विकास कार्यक्रममा समावेश गर्न सम्बन्धित मन्त्रालय मार्फत संघीय मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहमा सिफारिस गर्न सम्बन्धित मन्त्रालयमा पठाउने।

५. संयुक्त राज्य अमेरिका र जनवादी गणतन्त्र चीन बीचको व्यापारिक सम्बन्धमा देखापरेको असहज परिस्थितिका कारण नेपालको अर्थतन्त्रको बाह्य क्षेत्रमा पर्न सक्ने प्रभावको सम्बन्धमा विषयक्षेत्र हेर्ने माननीय सदस्यले नियमित निगरानी तथा अनुगमन गरी आयोगलाई नियमितरुपमा सुसूचित गराउने।